का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ पुस २०८२
मंगलबार
23 December 2025
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ३१३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

## अर्थतन्त्रमा सरकारका सय दिन

# जागेन आशा
## बढेन व्यवसायीको मनोबल




> अर्थतन्त्र आर्थिक संक्रमणको मोडमा छ । लगानीको वातावरणमा अनिश्चितता बढ्दा लगानीकर्ताको मनोवल बढ्न सकेन ।

■ **कमलेश अग्रवाल**
**अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स**



> अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने काम सरकारको सय दिनमा देखिएन । आन्दोलनबाट भएको क्षतिलाई उठाउन केही कार्यक्रम नहुँदा अर्थतन्त्र चलायमान हुन सकेन ।

■ **डा. दिलनाथ दंगाल**
**अर्थशास्त्री**

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ७ पुस

ठुलो मानवीय क्षति, लगत्तैको विध्वंस र खर्बौंको क्षतिपछि राष्ट्रिय संकटबीच सत्ता सम्हाल्न आएकी थिइन्, पूर्वप्रधानन्यायाधीश सुशीला कार्की । आन्दोलनकारी जेनजी समूहको समर्थनमा अन्तरिम सरकार बन्दा धरासायी बनेको अर्थतन्त्र सम्हालिने धेरैको अपेक्षा थियो । सरकारले हनिमुन पिरियड पूरा गर्दा त्यसमा उल्लेख्य आशा जगाउन सकेको देखिएन ।

कार्की नेतृत्वको नागरिक सरकारले सय दिन पार गर्दासम्म न अर्थतन्त्रले गति लिन सक्यो, न त व्यवसायीको मनोबल नै उठ्न सकेको छ । उल्टै अर्थतन्त्रका सूचकले आगामी दिन अझै कठिन हुने देखाएका छन् । तोकिएको समयमा निर्वाचन नहुनेमा आशंका बढ्दै जाँदा थप अन्योल उत्पन्न भएको छ ।

अन्तरिक सरकार आइसकेपछि पुँजीगत खर्च र राजस्व संकलन गत वर्षको तुलनामा निकै कम छ । बैंकमा लगानीयोग्य रकम थुप्रिएको अवस्था छ भने कर्जाको माग निकै कम छ । जेनजी »» पृष्ठ २ मा

### सरकारको पहल

आन्तरिक अर्थतन्त्रमा सुस्तता आएको भए पनि नयाँ सरकारले शून्यतामा रहेको मुलुकलाई आशा जगाउने प्रयत्न गर्दै नगरेको भने होइन । सरकारका दुई मन्त्री अर्थमन्त्री खनाल र सहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइ तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङको सक्रिय देखिन्छन् । खनाल आर्थिक सुशासनमा केन्द्रित छन भने घिसिङ रुग्ण आयोजनाको ठेक्का तोड्दै नयाँ टेन्डर गरेर काम गर्न खोजेका छन् । »» पृष्ठ २ मा

■ **बालेन–सुनिताको देखिने काम**




# चोकचोकमा फल्चा

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ७ पुस

मैतीदेवीकी ममता अधिकारी जापानिज भाषा अध्ययन गर्न नयाँ बानेश्वर पुगिन् । कोलाहलपूर्ण सहरमा मान्छेहरूको भिड उस्तै । चिसो मौसम भए पनि दिउँसो पारिलो घाम लागेको थियो । नजिकै फल्चामा बसेर घाम तापिन् । 'एकछिन थकाई मार्न पनि कम्तीमा गोजीमा चिया खाने पैसा हुनुपर्छ,' उनले भनिन्, 'फल्चा बनेपछि थकाइ मार्न र बस पर्खिन सजिलो भएको छ ।'

धुम्बाराहीकी मनीषा झालाई कामले घरबाहिर निस्कँदा धेरै समय उभिएरै गाडी पर्खिनुपर्ने बाध्यता थियो । कलेज जान १५-२० मिनेसम्मै कुर्नुपर्छ । त्यसरी उभिँदा आफ्नै झोला पनि भारी हुन्छ । धुम्बाराहीमा फल्चा बनेपछि उनी बसेरै गाडी पर्खिन्छिन् । आधुनिक बस स्टपभन्दा परम्परागत फल्चामा बस्न रमाइलो हुने उनी बताउँछिन् ।

ममता र मनीषा मात्र होइन, काठमाडौंका धेरै यात्रुले फल्चामा विश्राम गर्न पाएका छन् । काठमाडौं महानगरको मेयरमा बालेन्द्र शाह बालेन र उपमेयर सुनिता डंगोल आएपछि उनीहरूको चुनावी प्रतिबद्धताअनुसार चोकचोकमा फल्चा ठडिँदै गएका छन् ।

त्यसो त सांस्कृतिक महानगर काठमाडौंमा १९९० सालको भूकम्पपछि फल्चाहरू हराउँदै गएका थिए । सडक बिस्तारसँगै पुराना संरचना पनि मासिँदै गए । भित्री सहर र गल्लीमा मात्र देखिने फल्चा अहिले बानेश्वरदेखि कलंकी र धुम्बाराहीसम्मै फैलिएका छन् । फल्चा प्राचीनकालदेखि नेवा संस्कृतिमा सामाजिक एकता केन्द्रका रूपमा रहँदै आएको छ, जहाँ मानिसहरू भेला भएर विचार साटासाट, मेलमिलाप र सामुदायिक निर्णय लिने गर्दथे । चैत्य वा पाटीसँग जोडिएका फल्चामा भजन, पूजा र पर्वको तयारीसमेत हुन्थे । त्यस्तै, आकारप्रकारका »» पृष्ठ २ मा

### देउवा–ओली भेटको अन्तर्य

# सत्ता उल्ट्याउने दाउ

जेनजी आन्दोलनबाट विस्थापित भएका नेपाली कांग्रेस र नेकपा एमाले प्रतिनिधि सभा पुनर्स्थापना गर्दै सत्ता र शक्तिमा फर्किने प्रयासमा छन् । यसका लागि दुवै दलका शीर्ष नेताहरूबीच संवाद बाक्लिँदो छ ।

**जीवन शर्मा /मध्यान्ह**
काठमाडौं, ७ पुस

सोमबार नेपाली कांग्रेस र नेकपा एमालेका शीर्ष नेताहरूबीच भेटवार्ता भयो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पार्टीका महासचिव महासचिव शंकर पोखरेललाई नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई भेट्न उनकै निवास महाराजगन्ज पुगे । यी दुई दलका नेताहरू पछिल्लो समय »» पृष्ठ २ मा



> नेपालको अहिलेको मुख्य समस्या परराष्ट्र मामिला र अर्थराजनीतिक विफलताको विषय हो । यसको बाधक संविधान हो । यसबारे शीर्ष संवाद हुन आवश्यक छ ।

■ **अरुण सुवेदी**
**अर्थ राजनीतिज्ञ**



## रवि–बालेन पनि संवादमा



»» विस्तृत पृष्ठ ३ मा


## संयुक्त प्रेस विज्ञप्ति

वैदेशिक रोजगारीमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण शुल्क वृद्धि गरी रु ९,५०० पुर्‍याइएको विषयमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र स्वास्थ्य संस्था सञ्चालक संघ नेपाल (होडान)ले शुल्क वृद्धिपश्चात चौतर्फी विरोधको आवाज उठाउँदै आएकोमा मिति २०८२/०९/०४ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट २०८२/०७/३० को निर्णय खारेज भएको छ । जसअनुसार स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूको स्वास्थ्य परीक्षण र परीक्षण शुल्क साबिकबमोजिम नै हुने गरी निर्णय गरेर निर्देशन दिनुभएकोमा माननीय मन्त्री राजेन्द्रसिंह भण्डारीज्यूलाई दुवै संस्थाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । यसै सन्दर्भमा कही स्वास्थ्य व्यवसायीहरूले बढेको शुल्क लिन पाउनुपर्ने भनी शुल्क वृद्धि खारेजीको विरोध गर्दै स्वास्थ्य संस्थाहरू बन्द गरी सेवाग्राही कामदारहरूलाई दुःख दिने, कृत्रिम अभाव सिर्जना गरी वैदेशिक रोजगारीको वातावरण बिगार्ने प्रयास गरिरहेको सुन्नमा आएकाले सरकारको यस सम्बन्धमा विशेष ध्यानाकर्षण गराउँदै सरकारी निर्णयको उल्लंघन गरी बढी रकम असुल्न खोज्ने स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य परीक्षण नगर्न/नगराउनुहुन यसै प्रेस विज्ञप्तिमार्फत जानकारी गराउँदछौं । साबिकबमोजिम नै नेपाल सरकारले तोकेको गुणस्तरीय स्वास्थ्य परीक्षण गर्ने/गराउने र कामदारको स्वास्थ्य सुरक्षासँग सम्बन्धित सर्तहरू एकआपसमा पालना गर्दै दुई संघहरूका सदस्य संस्थाहरूलाई कामदारको स्वास्थ्य परीक्षणको क्षेत्रमा विद्यमान विकृति विसंगतिलाई विस्थापित गरी गुणस्तरीय स्वास्थ्य परीक्षणलाई ध्यानमा राखी संयुक्त प्रयासबाट प्राप्त उपलब्धिहरूको व्यवस्थापनमा सहकार्य गर्ने गरी होडानको तर्फबाट एक हप्ताभित्र स्वास्थ्य संस्थाहरूको विवरण नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई उपलब्ध गराई सूचीकृत गरी सहकार्य गर्ने साथै जेनजी आन्दोलनमा शहीद तथा घाइते परिवारको एकाघरका सदस्यलाई वैदेशिक रोजगारीमा जाँदा नेपाल सरकारद्वारा प्रदान गरिएको पत्र र नेपाल वैदेशिक रोजगार व्यवसायी संघसमेतको सिफारिस पत्रका आधारमा स्वास्थ्य संस्था सञ्चालक संघ नेपालले घाइतेको हकमा ५०% र शहीद परिवारको हकमा १००% सहुलियत दरमा स्वास्थ्य परीक्षण गर्ने व्यावस्था मिलाइएको व्यहोरासमेत यसै विज्ञप्तिमार्फत जानकारी गराउँदछौं ।

**रघुनाथ पनेरू**
महासचिव
**स्वास्थ्य संस्था सञ्चालक संघ नेपाल**

**सुजित कुमार श्रेष्ठ**
प्रथम उपाध्यक्ष तथा संयोजक
**मेडिकल तथा ओरेन्टेशन समस्या समाधान समिति**
**नेपाल वैदेशिक रोजगार व्यबसायी संघ**


**वैदेशिक रोजगार विशेष**

## स्वास्थ्य परीक्षण कार्यमा अवरोध नपुर्‍याउन दुई संघको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ पुस



नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र स्वास्थ्य संस्था सञ्चालक संघ नेपाल (होडान)ले नेपाल सरकारले तोकेको मूल्यमा स्वास्थ्य परीक्षण गराउन र वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण कार्यमा अवरोध नपुर्‍याउन आग्रह गरेका छन् । मेडिकल तथा ओरियन्टेसन समस्या समाधानका लागि गठित समितिका संयोजक सुजितकुमार »» पृष्ठ २ मा

### हुन्डीबारे सूचना दिन दूतावासको आह्वान

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, साउदी अरेबिया, ७ पुस

साउदी अरेबियामा रहेका नेपालीहरूलाई लक्षित गर्दै रियादस्थित नेपाली दूतावासले हुन्डीजस्ता »» पृष्ठ २ मा


**Urgently Needed**

One of the leading Manpower Company in Kathmandu is seeking for following applicant.




- Public Relation Officer (PRO) 3 - Male/Female

**Requirements:**
- Minimum 2/3 Years of Experienced in Manpower fields.
- Minimum +2 Passed.

**SAMRAT HUMAN RESOURCES PVT. LTD.**
Dhumbarahi, Kathmandu- 4, Nepal, Ph No: 01- 4548013, 4548014, 9823073198, 9862340180, 9851044152, 9851225179,
E-mail: info.samrathr@gmail.com, Web: www.samrathr.com
License No: 1729/081/082

## जागेन...

आन्दोलनमा ठुला व्यवसायीकेन्द्रित आक्रमण गरिएका थिए। अहिले सानादेखि ठुला उद्यमी तथा लगानीकर्तामा सरकारले सुरक्षा र आत्मविश्वास बढाउन सकेको छैन । नेपालको अर्थतन्त्र रेमिट्यान्स, विदेशी विनिमय सञ्चिति, शोधनान्तर स्थिति र चालु खाता बचतमा हुँदा बलियो देखिए पनि आन्तरिक अर्थतन्त्र सुस्त छ । नेपालको अर्थतन्त्र अहिले आर्थिक संक्रमणको मोडमा रहेको नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाल बताउँछन् ।

निजी लगानीकर्ताको मनोबल कमजोर हुँदा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा उत्पादनमुखी क्षेत्रमा कर्जा बढेको छैन । कर्जा नबढ्दा बैंकहरूले मुद्दतीतर्फको ब्याजदर समेत घटाएका छन् । अधिकांश बैंकहरूले व्यक्तिगत मुद्दती निक्षेपतर्फको ब्याजदर घटाएका छन् भने केही बैंकहरूले संस्थागत मुद्दती निक्षेपको ब्याजदर समेत घटाएका छन्। लगानी क्षेत्र नै नहुँदा बैंकमा पैसा थुप्रिएको अवस्था छ । बैंकिङ क्षेत्रमा समेत नकारात्मक प्रभाव परेको छ। बैंकको नाफा घटेको छ भने सरकारी रबैयाका कारण बैंकिङ क्षेत्र पनि त्रासमा छ। अध्यक्ष अग्रवालले भने, 'निजी क्षेत्रमा लगानीयोग्य पुँजीको अभाव छ तर बैंकिङ क्षेत्रमा तरलता छ। लगानीको वातावरणमा अनिश्चितता बढ्दा लगानीकर्ताको मनोबल बढ्न सकेको छैन।'

पूर्वअर्थ सचिवसमेत रहेका विज्ञ अर्थमन्त्री रामेश्वर खनानले अर्थतन्त्रको सुधारका लागि यसअघिको सरकारलाई आफैंले दिएको सुझाव कार्यान्वयन गर्न सकेका छैनन् । जसका कारण अर्थतन्त्रमा समस्या समाधान हुन सकेको छैन । सेयर बजारमा देखिएका समस्या समाधान गर्न गठित कार्यदलको प्रतिवेदन कार्यान्वयनमा ल्याइएको 'नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचनासम्बन्धी सुझाव समिति' गठन गरी सुधारका कार्य अघि बढाएको भए पनि लगानीकर्तामा आत्मविश्वास नबढ्दा सेयर बजारमा उत्साह हराएको छ । विदेशी लगानीकर्तासमेत नेपालमा लगानी गर्न इच्छुक छैनन् । लगानीको प्रतिबद्धता बढे पनि लगानी भित्रिने रकम निकै न्यून छ । अर्थतन्त्रमा सकरात्मक प्रभाव पार्ने काम सरकारका सय दिन नदेखिएको अर्थशास्त्री डा. दिलनाथ दंगाल बताउँछन् । जुन क्षति आन्दोलनबाट भयो त्यसलाई उठाउन केही कार्यक्रम नहुँदा अर्थतन्त्र चलायमान हुन नसकेको उल्लेख गर्दै उनी भन्छन्, 'सरकारले सय दिनमा आशा जगाउन सकेन ।'

## सरकारको ...

भौतिक पूर्वाधार निर्माणमा घिसिङ सक्रिय हुँदा विकासको गति बढ्ने अपेक्षा गरिएको थियो। तर नतिजामा त्यो देखिएन ।

यस्तै, सरकारले कित्ताकाट खोल्दा घरजग्गा कारोबारमा केही उत्साह देखिएको छ। घरजग्गा कारोबारबाट राजस्व संकलन बढेको छ। अर्थमन्त्री खनालले पूर्वतयारीबिनाका आयोजनाको बजेट कटौती गरेका छन् । टुक्रे आयोजना कटौतीलाई अर्थमन्त्री खनालले अर्थतन्त्र बलियो बनाएको बताएका छन् । नेप्सेको पुनर्संरचनासहित पुँजीबजार सुधारका लागि कार्यदल बनाएका छन्।

आन्दोलनबाट प्रभावित उद्योग, व्यापार र व्यावसायिक प्रतिष्ठान लक्षित गरी 'एकीकृत व्यावसायिक पुनरुत्थान योजना' कार्यान्वयनमा अर्थ मन्त्रालयले गरेको छ । यस्तै, कर छुट, सहुलियतपूर्ण पुर्नकर्जा, ऋणको पुनर्तालिकीकरण र बिमा सहजीकरणमा केही राहत दिने काम भएको छ । व्यावसायिक प्रतिष्ठानहरूको पुनर्निर्माणका लागि भन्सार र अन्तःशुल्कमा ५० प्रतिशतसम्म छुट दिइएको छ । राजस्व र कर प्रशासनलाई व्यवस्थित गर्न विराटनगर, वीरगन्ज, भैरहवा र नेपालगन्जजस्ता मुख्य नाकामा अनलाइन मूल्यांकन प्रणाली लागू भएको छ । यस्तै, राज्यकोषमा भार कम गर्न वर्तमान तथा पूर्व पदाधिकारीहरूका सेवा सुविधा फिर्तादेखि भत्ता समेत हटाइदिँदा राज्यको आार्थिक भार घटाउने काम सरकारले सय दिनमा गरेको छ ।

## सत्ता...

निरन्तर छलफलमा छन्। यसअघि मंसिर १९ गते कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष ओलीबीच भेट भएको थियो। उक्त भेटलगत्तै कांग्रेसका आठ जना विघटित प्रतिनिधि सभाका सदस्य प्रतिनिधि सभा पुनर्स्थापनाको माग लिएर सर्वोच्च अदालत गएका थिए । उक्त मुद्दाउपर अदालतबाट कारण देखाऊ आदेश जारी भएको छ। सोही मुद्दा बलियो बनाउन कांग्रेसका ६६ जना सांसदले हस्ताक्षर गरेका छन् । यसै पृष्ठभूमिमा सोमबार ओली र देउवाबीच पुनः भेट भएको हो । भेटमा प्रतिनिधि सभाको निर्वाचन गर्ने सवालमा समस्याका रूपमा देखापरेका सुरक्षा चुनौती, मौसम, सरकार र दलका शीर्ष नेताबीच संवादहीनताको अवस्थाबारे संवाद भएको देउवाको सचिवालयले जनाएको छ।

अर्थ राजनीतिक विश्लेषक अरुण सुवेदीले देशको पछिल्लो अवस्था आउनुको कारण परराष्ट्र मामिला र अर्थ राजनीतिक विफलता भएकाले त्यस विषयमा आवश्यक संवाद हुन सक्ने बताउँछन् । राष्ट्रिय सभाको निर्वाचनमा समेत कसरी जाने भन्ने विषयमा छलफल हुन सक्ने उनको अनुमान छ ।

देउवा प्रधानमन्त्री हुँदाका आर्थिक सल्लाहाकार समेत रहेका सुवेदीले मध्यान्हसँग भने, 'अहिलेको मुख्य समस्या नै परराष्ट्र मामिला र अर्थ राजनीतिक विफलताको विषय हो। यसको बाधक संविधान नै हो । त्यसैले जिम्मेवार दलका शीर्ष नेताबीच असफलतालाई सच्याएर जाने, संसद रिकल गरेर संविधान संशोधन गरेर जाने र राष्ट्रिय सभाको निर्वाचनमा मिलेर जाने विषयमा छलफल भएको हुन सक्छ ।'

नयाँ दल र युवाहरू बहकिएको भन्दै जिम्मेवार दलले जिम्मेवारीपूर्वक कमद चाल्नुपर्ने उनको तर्क छ ।

कांग्रेस सभापति देउवाका प्रेस संयोजक गोविन्द परियार जेनजी आन्दोलनको बलमा बनेको सरकारले चुनाव गराउने विश्वसनीय वातावरण बनाउन नसकेको अवस्थामा शीर्ष नेताहरूबीच राजनीतिक कुराकानी भएको बताए । 'सरकारले चुनाव गराउने छाँटकाँट देखाएको छैन,' उनी भन्छन्, 'यस्तो अवस्थामा जेनजी आन्दोलनका नाममा लिकआउट गरिएको संविधानलाई पुनः ट्र्याकमा ल्याएर राजनीतिक निकास दिने विषयमा शीर्ष नेताबीच छलफल भएको हो ।'

ओली र देउवा दुवै जेनजी आन्दोलन अगाडिका सत्ता सहयात्री दल हुन् । २३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । उक्त आन्दोलनका क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भएका थिए । त्यसपछि प्रतिनिधि सभाबाटै सरकार बन्न सकेन । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको छ। अन्तरिम सरकारले प्रतिनिधि सभा विघटन गरेर आगामी २१ फागुनमा प्रतिनिधि सभाको चुनावको मिति तय गरेको छ। निर्वाचनको मिति नजिकिँदै गएकाबेला देउवा र ओली दुवैको सक्रियता बढ्दो छ ।

कांग्रेस सभापति देउवाका प्रेस संयोजक गोविन्द परियारका अनुसार ओली र देउवा मात्रै नभएर सबै दलका शीर्ष नेताहरूबीच आवश्यक छलफल संवादहरू भइरहेको छ । निर्वाचन नहुँदा विघटित प्रतिनिधि सभालाई अन्तरिम संसदको रूपमा पुनर्स्थापना गरेर संविधान संशोधनलगायतका काम गर्ने र केही समयमै निर्वाचन गर्नेगरी नेताहरूबीच छलफल भएको उनको भनाइ छ । यसकारण सोमबार ओली र देउवाबीच भएको भेटलाई राजनीतिमा निकै अर्थपूर्ण रूपमा हेरिएको छ ।

तत्कालीन सत्ता साझेदार दलहरू कांग्रेस-एमालेका अधिकांश सांसदहरूले प्रतिनिधि सभा पुनर्स्थापनाको मागसहित सर्वोच्च अदालत गइसकेका छन्। एमालेले संसद् ब्युँताउने विषयमा केन्द्रीय कमिटीबाटै निर्णय गरेको छ भने कांग्रेसले सरकार गठन र संसद् विघटन असंवैधानिक ठहर गरेको छ ।

कांग्रेसको केन्द्रीय समितिले कानुनी रूपमा संसद् विघटनलाई असंवैधानिक भने पनि राजनीतिक रूपमा निर्वाचनमा जाने निर्णय गरेको सो दलका निवर्तमान पूर्वप्रमुख सचेतक श्याम घिमिरेले बताए। देउवा-ओलीको पहिलो भेटपछि कांग्रेसका आठ पूर्वसांसदको वारेसमा विघटित प्रतिनिधि सभा पुनर्स्थापनाको माग गर्दै रिट दायर भएको थियो। एमाले भने त्यसअघि नै रिट लिएर सर्वोच्च अदालत पुगेको थियो । सोमबार कांग्रेसका ६६ सहित अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी, जनमत पार्टी र एक स्वतन्त्र सांसदले समेत हस्ताक्षर गरेका छन् ।

उनीहरूले प्रतिनिधि सभा पुनर्स्थापनाका लागि कांग्रेसको संसदीय दलको कार्यालयमै गएर हस्ताक्षर गरेका हुन्। यसै सन्दर्भमा पुराना दलका शीर्ष नेतृत्वबीचको भेटघाट बाक्लिनुलाई प्रतिनिधि सभा पुनर्स्थापना हुने बाटो फराकिलो बन्दै गएको कोणबाट समेत विश्लेषण भइरहेको छ। यसैगरी, शीर्ष नेताहरूबीचको संवादसँगै चुनावी सहकार्यको विषय पनि चर्चामा छ । खासगरी नजिकिएको राष्ट्रिय सभाको निर्वाचनको सन्दर्भमा दलहरू संवादमा रहेको नेताहरू बताउँछन्। आगामी माघ ११ गते हुने राष्ट्रिय सभाको निर्वाचनका सन्दर्भमा समेत सोमबार देउवा र ओलीबीच संवाद भएको बताइएको छ। राष्ट्रिय सभाको निर्वाचनमा कोको कसरी मिलेर जाने भन्ने विषयमा समेत छलफल भएको स्रोतको दाबी छ ।

राष्ट्रिय सभाको निर्वाचन कोही न कोहीसँग गठबन्धन गर्नैपर्ने दलहरूले महसुस नेताहरूले गरेका छन् । यसअघि ओली दम्पतीले मंसिर १९ गते महाराजगन्जस्थित निवासमै पुगेका देउवा दम्पतीसँग भेटवार्ता गरेका थिए ।

कांग्रेस सभापति देउवासँग पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले समेत भेट गरेका छन्। उनीहरूबीच राष्ट्रिय राजनीतिमा देखापरेका समस्या र आमनिर्वाचनका सम्बन्धमा छलफल भइरहेको बताइएको छ ।

## चोकचोकमा...

फल्चा अहिले प्रतीक्षालयमा परिणत भएका हुन । प्राचीन समयमा यात्रु र तीर्थयात्रीका लागि विश्रामस्थल बनेका फल्चाहरूको पुनर्निर्माणले काठमाडौंको आकर्षण बढाएको छ । व्यस्त सहर जहाँ एकछिन उभिन सकिँदैन । बुढापाका मानिसहरूले फल्चामा बसेर कथा, इतिहास सुनाउने र थकान मेटाउने थलो भएको छ। फल्चा मौलिक इतिहास र केवल ऐतिहासिक संरचना मात्र होइन, काठमाडौं उपत्यकाको पहिचान र सांस्कृतिक धरोहर बनेको छ ।

काठमाडौं महानगरपालिकाले विभिन्न चोकमा बस बिसौनी (फल्चा) निर्माण कार्य निरन्तर गर्दै आएको छ। कलात्मक थाम, निदाल र दलिनको प्रयोग गरिएको फल्चा परम्परागत सिप र कला जोगाउन मद्दत गरिएको छ । हरेक फल्चामा दुईतर्फी यात्रु विश्रामको सुविधा छ । बीचको बाटोबाट पैदल आवतजावत सहज हुनेगरी डिजाइन गरिएको छ। यी अपांगमैत्री पनि छन् । महानगरले फल्चा भएका केही ठाउँहरूमा खानेपानीसमेत व्यवस्था गरिदिएको छ ।

मेयर बालेन र उपमेयर डंगोलले चुनावी घोषणापत्रमा नै बस बिसौनीहरूमा परम्परागत फल्चा बनाउने प्रतिबद्धता जनाएर सुरु गरेको भए पनि पछिल्ला वर्षहरूमा भने वडामार्फत पनि ठाउँठाउँमा फल्चा निर्माण भइरहेका छन्। महानगरले प्रतीक्षालयका रूपमा अभियानकै रूपमा परम्परागत शैलीका फल्चा निर्माण गरिरहेको सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राई बताउँछिन्। 'फल्चा चारपाखे शैलीकै छन्। परापूर्व कालदेखि नै काठमाडौं उपत्यकामा बाटोघाटो छेउ फल्चा बनाएको पाइन्छ। तर जीर्ण भएको फल्चा क्रमशः भत्किँदै गए, पुनर्निर्माण भएनन्,' उनले भनिन्, 'ती फल्चाहरूलाई पुनर्निर्माण, पुनः जीवित गरिएको छ ।'

उनका अनुसार, अहिलेसम्म २४ वटा फल्चा निर्माण भइसकेका छन् । त्यसमध्य दुईवटा फल्चा उपभोक्ताको सक्रियतामा निर्माण भएका हुन् । मल्ल राजाको पालामा काठबाट निर्माण भएका विभिन्न आकृतिमा बुट्टेदार फल्चा निर्माण भएको उनले बताइन्। 'मल्लकालमा सार्वजनिक सरोकारका विषयमा छलफल र निर्णय गर्नुपर्दा फल्चाको प्रयोग गरिन्थ्यो,' उनले भनिन् ।

'कंक्रिटाइजेसन'ले छोपेको यो समयमा काठमाडौंको सभ्यता झल्काउने झिंगटीको छानो, थाम तथा बुट्टेदार अग्राखको काठबाट बनेका कलात्मक भागहरूसहितको फल्चा निर्माण भएको सम्पदा तथा पर्यटन विभागका आर्किटेक्ट इन्जिनियर आनन्द मानन्धर बताउँछन् । फल्चा उद्घाटनका क्रममा महानगर मेयर बालेन शाहको भनाइ थियो, 'फल्चाहरूको सामाजिक र सांस्कृतिक महत्व ठुलो छ तर यी विस्थापित हुँदै छन् । यसलाई तस्बिर र संग्राहलयमा राख्ने होइन, तिनको संरक्षण, उपयोग र प्रवर्धन आजको आधुनिक विकासको दौडमा पनि अपरिहार्य छ ।'

कम्तीमा हरेक बसस्टपमा यात्रुहरूलाई आफ्नो मौलिकता भएको फल्चा राख्न पाए आर्कषक देखिने भएकाले त्यहीअनुरूप काम भइरहेको उनले बताएका छन्। महानगरपालिकाले आर्थिक वर्ष २०७९/८० देखि नै फल्चा बनाउन बजेट विनियोजन गर्दै आएको छ । सबैभन्दा पहिले बिजुली बजारमा रहेका दुईवटा फल्चा आर्थिक वर्ष २०८०/८१ मा निर्माण सम्पन्न भई उद्घाटन गरिएको थियो। माघ २०८१ मा जारी कार्यादेशअनुसार, २४ वटा फल्चा निर्माण गरिएका हुन् । ती सबै फल्चाको कुल लागत करिब ९ करोड रहेको छ ।

काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, भक्तपुर नगरपालिकालगायतका स्थानीय तहले पुराना फल्चाको जीर्णोद्धार र पुनर्निर्माणसँगसँगै नयाँ फल्चाको निर्माणमा चासो देखाएका छन् । स्थानीयका अनुसार फल्चाको इतिहास झन्डै ३ सय २४ वर्ष पुरानो हो। १९९० सालको भूकम्पमा धेरै फल्चा भत्किएपछि हराउँदै गएकोमा अहिले पुनर्निर्माण गरिन लागेको हो ।

## स्वास्थ्य...

श्रेष्ठ तथा होडानका महासचिव रघुनाथ पनेरुले सोमबार संयुक्त विज्ञप्ति जारी गरी उक्त आग्रह गरेका हुन् । वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्क ९ हजार ५ सय पुर्‍याइएकोमा संघ र होडानको विरोधपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट कात्तिक ३० गते खारेजी भएको अवस्थामा स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूले सोही शुल्क लिन खोजेको भन्दै विज्ञप्तिमा आपत्ति जनाइएको छ ।

स्वास्थ्य परीक्षण शुल्क घटाउने श्रम मन्त्रालयको निर्णयपछि पनि केही स्वास्थ्य व्यवसायीहरूले बढेको शुल्क लिन पाउनुपर्ने भनी शुल्क वृद्धि खारेजीको विरोध गर्दै स्वास्थ्य संस्थाहरू बन्द गरी सेवाग्राही कामदारहरूलाई दुःख दिने, कृत्रिम अभाव सिर्जना गरेर वैदेशिक रोजगारीको वातावारण बिगार्ने प्रयास गरिरहेको सुन्नमा आएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

विभिन्न बहाना बनाएर साबिकको शुल्कमा स्वास्थ्य परीक्षण गराउने विषयमा मन्त्रालयको विशेष ध्यानाकर्षण गराएको भन्दै दुवै संस्थाले सरकारी निर्णयको उल्लंघन गरी बढी रकम असुल्न खोज्ने स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य परीक्षण नगर्न-नगराउन पनि आग्रह गरेका छन्।

नेपाल सरकारले तोकेको गुणस्तरीय स्वास्थ्य परीक्षण गराउने र कामदारको स्वास्थ्य सुरक्षासँग सम्बन्धित सर्तहरू एकआपसमा पालना गर्दै दुई संघका सदस्य संस्थाहरूबीच गुणस्तरीय स्वास्थ्य परीक्षणलाई ध्यानमा राखी सहकार्य गर्ने सहमति भएको पनि विज्ञप्तिमा उल्लेख गरिएको छ ।

होडानको तर्फबाट साबिककै मूल्यम स्वास्थ्य परीक्षण गर्न एक हप्ताभित्र स्वास्थ्य संस्थाहरूको विवरण संघलाई उपलब्ध गराई सूचीकृत गरी स्वास्थ्य संस्थाहरूसँग सहकार्य गर्ने विज्ञप्तिमा जनाइएको छ ।साथै जेनजी आन्दोलनमा शहीद तथा घाइते परिवारको एकाघरका सदस्यलाई वैदेशिक रोजगारीमा जाँदा नेपाल सरकारद्वारा प्रदान गरिएको पत्र र संघसमेतको सिफारिसका आधारमा स्वास्थ्य संस्था सञ्चालक संघ नेपालले घाइतेको हकमा ५० प्रतिशत र शहीद परिवारको हकमा शतप्रतिशत सहुलियत दरमा स्वास्थ्य परीक्षण गर्ने व्यावस्थासमेत मिलाइएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## हुण्डीबारे....

अवैध वित्तीय कारोबारमा संलग्न व्यक्ति वा संस्थाबारे सूचना दिन आह्वान गरेको छ ।

नेपाल सरकारको 'सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण' सम्बन्धी राष्ट्रिय नीति कार्यान्वयनको सिलसिलामा दूतावासले अनौपचारिक विप्रेशन (हुण्डी) कारोबार गर्नेहरूको विवरण संकलन गर्ने प्रक्रिया अघि बढाएको जनाएको छ । संकलित सूचना परराष्ट्र मन्त्रालयमार्फत अर्थ मन्त्रालय तथा सम्बन्धित निकायमा पठाइने दूतावासले स्पष्ट पारेको छ ।

दूतावासले साउदीमा बसोबास गर्ने नेपालीहरूलाई कुनै पनि किसिमको हुण्डी कारोबार नगर्न-नगराउन कडाइका साथ अनुरोध गरेको छ। हुण्डीमार्फत पैसा पठाउँदा देशको अर्थतन्त्रमा नकारात्मक असर पर्नुका साथै सेवाग्राही स्वयंको रकमसमेत जोखिममा पर्ने भएकाले आधिकारिक बैंकिङ च्यानलमार्फत मात्र रेमिट्यान्स पठाउन सचेत गराइएको छ ।

यदि कसैले गैरकानुनी रूपमा हुण्डी कारोबार गरिरहेको फेला पारेमा प्रमाणसहित सूचना उपलब्ध गराउन पनि दूतावासले आग्रह गरेको छ । यस्ता सूचना दूतावासको आधिकारिक इमेलमा पठाउन सकिने जनाइएको छ । प्राप्त सूचनालाई गोप्य राखिने दूतावासले जनाएको छ।

नेपाल सरकारले पछिल्लो समय रेमिट्यान्सलाई कानुनी प्रणालीमा ल्याउन र हुण्डी कारोबार निरुत्साहित गर्न कठोर नीति अपनाइरहेका बेला दूतावासको यो कदमलाई महत्वपूर्ण रूपमा हेरिएको छ ।


# रास्कोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**आर.सि.पि, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

**(प्रकाशित मिति २०८२/०९/०८)**

यस कार्यालयबाट मिति २०८२/०७/०९ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्र खोलि प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा सफल भएका तपसिलका बोलपत्रदाताको बोलपत्रको आर्थिक प्रस्ताव २०८२/०९/१६ गतेको ठिक २:०० बजे यस कार्यालयमा खोलिने भएकोले, सार्वजनिक खरिद नियमावलिको नियम ३१ (ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| S. N. | Contract ID | Description of Works | Technical Proposal Successful Bidder |
|---|---|---|---|
| 1 | RM/082-083/ WORKS/ NCB-04 | Construction of Dharmadatta Basic School, Raskot Municipality-04 | 1. New K.P Construction Pvt.Ltd, New Baneshwor, Ktm<br>2. Shisan-KB Joint Venture, Birendranagar Surkhet<br>3. Jateshwor Nirman Sewa Pvt.Ltd, Koteshwor, Ktm |

प्रमुख प्रशासकीय अधिकृत



**Invitation for Bids**

# Saipal Rural Municipality
# Office of Rural Municipality Executive

**Kanda, Bajhang, Sudurpaschim Province, Nepal**

## Invitation for Bids No: SRM-NCB-01-2082/083

**Date of publication: 2082-09-08**

1. The Saipal Rural Municipality has allocated funds from [GON] To construct [Track opening at Jadlekha, Dhalaun and Kanda Road Project] and intends to apply part of the funds to cover eligible payments under the Contract for [SRM-NCB-01-2082/083]2. Bidding is open to all eligible as per Section V of bidding document.
2. Saipal Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the construction of [Track opening at Jadlekha,Dhalaun and Kanda Road Project]3 under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: [NRs 36000000]
   - Minimum Work experience of similar size and nature: [NRs 20000000]
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. Or
   Bidder who chooses to submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Saipal Rural Municipality, Kanda,Bajhang, ito.saipalmun@gmail.com, 9868450176] or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be purchased from the office [Saipal Rural Municipality, Kanda, Bajhang] by eligible Bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non- refundable fee of NRs [5000] till [2082-10-08]* 12:00 Noon during office hours. Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : Everest Bank Ltd
   Name of Office : Saipal Rural Municipality
   Office Code no. : 80770501300
   Account no. : 12400106200000
6. Pre-bid meeting shall be held at [Saipal Rural Municipality] at [2082-09-28 14:00 Noon].5 7. Sealed electronic or bids must be submitted to the office [Saipal Rural Municipality,Kanda,Bajhang] by hand/ courier or through PPMO's e-GP system www.bolpatra.gov.np/egp_on or before [12:00 noon] on [2082-10-08]. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [14:00 Noon on 2082-10-08] at the office of [Kanda,Bajhang]. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of [Nrs 610000 (2 to 3 % of estimated amount without VAT and Contingencies but including PS)], which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# शान्ति र लोकतन्त्रका लागि निर्वाचन : प्रधानमन्त्री



**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले सबै राजनीतिक दल निर्वाचन प्रक्रियामा सहभागी भई देशमा शान्ति कायम गर्न आह्वान गरेकी छन्। सबै दल एकजुट भए कुनै पनि नकारात्मक शक्तिले देशमा अशान्ति फैलाउन नसक्ने उनको भनाइ छ।

सिंहदरबारमा सोमबार निर्वाचन आयोग, राजनीतिक दल, जेनजी प्रतिनिधि तथा सरोकारवालाबीच भएको बैठकमा प्रधानमन्त्री कार्कीले निर्वाचनका विषयमा उठाइएका सुरक्षा सम्बन्धी चिन्ताप्रति सरकार गम्भीर रहेको बताइन्। सरकारले निर्वाचनलाई सुरक्षित र शान्तिपूर्ण बनाउन सम्पूर्ण तयारी गरिरहेको उनले स्पष्ट पारिन्।

'निर्वाचनका सवालमा सुरक्षाबारे धेरै चासो देखिएको छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'सरकार पूर्ण रूपमा सुरक्षाको वातावरण बनाउन लागिरहेको छ। सबै राजनीतिक दल मिलेर अगाडि बढे कुनै पनि आतंककारी वा अपराधीले हमला गर्न सक्दैन। त्यसैले सबैलाई निर्वाचनमा सहभागी हुन आग्रह गर्दछु।'

उनले निर्वाचनमा सहभागी नभएका दललाई पनि शान्ति र लोकतन्त्रका लागि निर्वाचन प्रक्रियामा आउन आग्रह गरिन्। मुलुकमा दर्ता रहेका १ सय १४ वटै राजनीतिक दल एकजुट भए अशान्तिको सम्भावना नरहने उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले शान्ति कायम गर्न राजनीतिक दल, जेनजी प्रतिनिधि, नागरिक समाज, सञ्चारमाध्यम र कर्मचारी सबैलाई जिम्मेवार भूमिका निर्वाह गर्न आह्वान गरिन्।

'रिस र असन्तुष्टि पोख्ने क्रममा देशलाई अप्ठ्यारोमा पार्ने काम कसैले नगरौं, उनले भनिन्, 'हामीसँग बाँकी रहेको समयलाई सदुपयोग गर्दै निर्वाचनमा सहभागी होऔं।' प्रधानमन्त्री कार्कीले विगतका त्रुटि र कमजोरीका कारण भदौ २३ र २४ का घटनाहरू घटेको स्वीकार गर्दै ती घटनाबाट उत्पन्न आवेग र आलोचनालाई सरकारले सामना गरिरहेको बताइन्। ती घटनाले जनतामा गहिरो प्रभाव पारेको भन्दै सरकार र राजनीतिक दलले जनतालाई दिने सन्देश र परिवर्तनको उद्देश्यबारे गम्भीर आत्ममूल्यांकन गर्नुपर्ने आवश्यकता औंल्याइन्।

'जेनजी र युवा पुस्ताले खोजेको परिवर्तन बुझ्नु अहिलेको मुख्य प्राथमिकता हो,' उनले भनिन्, 'जनताले परिवर्तन चाहेका छन्, त्यसैले राजनीतिक दलगायत सबै सचेत र जिम्मेवार हुनुपर्छ।' आलोचना सहन तयार रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले देशमा शान्ति र स्थायित्व कायम गर्न सबैले व्यक्तिगत र दलगत स्वार्थ त्याग्नुपर्नेमा जोड दिइन्। 'देशको हितमै हामी सबैको भलाइ छ,' उनको भनाइ थियो।

# संवादमा रवि-बालेन

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ पुस



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहबीच भेट भएको छ। चुनावी सहकार्यको चर्चा चलिरहेका बेला उनीहरूबीच भेट भएको हो।

भेटमा रास्वपाका तर्फबाट सभापति लामिछाने र उपसभापति डोलप्रसाद अर्यालसमेत सहभागी भए। मेयर बालेनका तर्फबाट उनका सहयोगी कुमार बेन छलफलमा सहभागी थिए। उनीहरूले जेनजी आन्दोलनको समीक्षा र आगामी राजनीतिबारे संवाद गरेका छन्।

रास्वपा ससभापति लामिछाने अदालतबाट छुटेलगत्तै राजनीतिक संवादमा जुटेका हुन्। उनी सहकारीको रकम अपचलन मुद्दामा जिल्ला अदालत कास्कीको पक्राउ पुर्जीको आधारमा २०८१ साल कात्तिक २ गते पार्टी कार्यालय बनस्थलीबाट पक्राउ परेका थिए। रवि हिरासतमा रहेको ८४ दिनपछि कास्की जिल्ला अदालतले ६५ लाख रुपैयाँ जमानत लिएर छोड्न आदेश दियो। अन्य स्थानमा समेत उनीमाथि मुद्दा दर्ता भएको हुँदा अघिल्लो वर्षको माघ महिनाभर थुनछेक बहसमा ओहोरदोहोर गरिरहेका थिए।

त्यसबेला रविमाथि प्रतिशोध साँधिएको भनेर रास्वपाले देशव्यापी विरोधसमेत जनाएको थियो। त्यसबेला गत वर्षको २५ माघबाट लामिछानेका लागि बाहिर बसेरै मुद्दा लड्ने अवस्था बन्यो। रिहा भए पनि मुद्दा विचाराधीन रहेको हुँदा चैतको मध्यसम्म उनले सार्वजनिक रूपमा टीकाटिप्पणी गरेनन्। गत १८ चैतमा सभापतिको पूर्ववत भूमिकासहित उनी केन्द्रीय समिति बैठकमा सहभागी भएका थिए।

त्यसबेला पार्टी काममा सक्रिय हुनुअघि लामिछाने धरौटी बदरको माग गर्दै अदालत पुगे। अर्कोतर्फ, सुप्रिम सहकारीमा जिल्ला अदालतले गरेको आदेशविरुद्ध सरकारी वकिलको कार्यालय उच्च अदालत पुग्यो। उच्च अदालत तुलसीपुर बुटवलको इजलासले जिल्लाको आदेश बदर गर्दै लामिछानेलाई थुनामा पठाउन आदेश दियो।

त्यसपछि लामिछाने गत चैत २२ मा फेरि पक्राउ परेर कारागार चलान भए। यसपटक भने उनी विगतमा जस्तो मौन र भित्रि गतिविधिमा मात्र छैनन्। गत शुक्रबार रिहा भएलगत्तै राजनीतिक संवादमा सक्रिय भएका छन्।

रिहा भएकै भोलिपल्ट चितवन पुगेर सम्बोधन गरे। नयाँ दल र शक्तिसँग एकता हुने सन्देश दिएर काठमाडौं आए। काठमाडौं आएपछि प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरूसँग भेटे। जेनजी आन्दोलनका शहीद परिवारलाई भेटे। प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा रहेका दललाई त्यसयता नलाग्न खबरदारी गरे। सोमबार काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहसँग भेटेर सहकार्यबारे छलफल गरेका छन्। २१ फागुनमा प्रतिनिधि सभाको निर्वाचनको मिति तोकिएको छ। तोकिएको समयमा चुनाव हुनेमा कतिपयले संशय व्यक्त गरिरहेका बेला रवि र बालेन संवादमा जुटेका हुन्।

## तपसिलमा उल्लेखित क्रेडिट कार्ड होल्डरहरुको नाममा जारी ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सुचना

**(प्रकाशित मितिः : २०८२/०९/०८)**

तपसिलमा उल्लेखित क्रेडिट कार्ड होल्डरहरुले यस बैंकबाट प्राप्त गरेको क्रेडिट कार्ड उपयोग गरेवापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदी रकम तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी बैंकमा सम्पर्क समेत नगर्नु भएको हुदा निज कार्ड होल्डरहरुको नाममा बक्यौता रकम यथाशिघ्र चुक्ता भुक्तान गर्नुहुन यो सुचना जारी गरिएकोछ।
अतः यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस बैंकको कर्जा असुली विभागमा सम्पर्क राखि प्राप्त सुविधा वापत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज आदी अविलम्ब चुक्ता भुक्तान गर्नुहोला। अन्यथा, तपाईहरुको नाम बैंक नियम अनुसार कालो सुचीमा सुचिकृत गरि तथा अन्य आवश्यक कानुनी कारवाही गरि बैंकको लेना रकम असुल उपर गरिनेछ।

| | | | |
|---|---|---|---|
| १. नामः मनिसा जि सी राना<br>बाबुः दल बहादुर घर्ति<br>बाजेः दिल बहादुर घर्ति<br>नागरिकता नं.:५०-०१-८०-०१३१४ - बागलुङ<br>स्थायी ठेगानाः जैमिनी-०६, बागलुङ<br>कार्यालयको नामः हिमालयन सुइट होटेल प्रा.लि- बुद्ध टोल मार्ग, काठमाडौ | २. नामः भुपेन्द्र प्रसाद यादव<br>बाबुः प्रेम राउत अहिर<br>बाजेः हर्षी राउत अहिर<br>नागरिकता नं.:३४-०१-७२-०५६३२ - पर्सा<br>स्थायी ठेगानाः लहावरथकरी-०४, पर्सा<br>कार्यालयको नामः सिप्रदि ट्रेडिङ्ग प्रा.ली- विरगंज, पर्सा | ३. नामः राजेश अधिकारी<br>बाबुः राजेन्द्र बहादुर अधिकारी<br>बाजेः राज बहादुर अधिकारी<br>नागरिकता नं.: २५-०१-७५-००३८४ - नुवाकोट<br>स्थायी ठेगानाः ककनी-०८, नुवाकोट<br>कार्यालयको नामः बबि मेडिसिन सप्लायर्स- मिनभवन-३४, काठमाडौं | ४. नामः राजेश साहु<br>बाबुः थम बहादुर साहु<br>बाजेः हिरालाल साहु<br>नागरिकता नं.: ६७-०१-७०-०२५३३ - कैलाली<br>स्थायी ठेगानाः धनगढी-०९, कैलाली<br>कार्यालयको नामः रक्षा देवी फार्मेसी- नगेन्द्र कान्छा चोक-३१, काठमाडौं |
| ५. नामः लेख बहादुर गाहा<br>बाबुः बुद्धी बहादुर गाहा<br>बाजेः गंगा बहादुर गाहा<br>नागरिकता नं.३९-०१-७१-०७३७६ - पाल्पा<br>स्थायी ठेगानाः पोखराथोक-०२, पाल्पा<br>कार्यालयको नामः नेपाली सेना- नारायणहिटी ब्यारेक, काठमाडौं | ६. नामः धन बहादुर खत्री<br>बाबुः टेक बहादुर खत्री<br>बाजेः देव राज खत्री<br>नागरिकता नं.:६५१७६ - स्याङ्जा<br>स्थायी ठेगानाः खिलुङ-०१, स्याङ्जा<br>कार्यालयको नामः हिमालयन फ्रन्ट रिर्सोट - पोखरा-१८, कास्की | ७. नामः मिलन भण्डरी<br>बाबुः एक बहादुर भण्डारी<br>बाजेः मान बहादुर भण्डारी<br>नागरिकता नं. २६-०१-७४-११६५३ - धादिङ्ग<br>स्थायी ठेगानाः सिद्धलेक-०१, धादिङ्ग<br>कार्यालयको नामः पर्यटन विकास आयोजना - इकाई कार्यालय, काठमाडौं | ८. नामः दिपक वस्याल<br>बाबुः टप प्रसाद वसेल<br>बाजेः बली भद्र वस्याल<br>नागरिकता नं.: ४४८७५- नवलपरासी (बर्दघाट सुस्ता पूर्व)<br>स्थायी ठेगानाः कावासोती -१५, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)<br>कार्यालयको नामः सन नेपाल लाइफ इन्स्योरेन्स कं.लि - पुतलीसडक, काठमाडौं |
| ९.नामः केन्नी थापा मगर<br>बाबुः कृष्ण थापा मगर<br>बाजेः जगत बहादुर थापा मगर<br>नागरिकता नं.०६-०१-६९/०४२२० - सुनसरी<br>स्थायी ठेगानाः इटहरी-०८, सुनसरी<br>कार्यालयको नामः सिद्धार्थ बैंक - इलाम | १०. नामः अनुप सिंह<br>बाबुः दुर्ग बहादुर सिंह<br>बाजेः तेन बहादुर सिंह<br>नागरिकता नं.: ६६-०६-७८-०२८८८ - बाँके<br>स्थायी ठेगानाः कोहलपरु-०२, बाँके | ११. नामः निरज न्यौपाने<br>बाबुः हरि प्रसाद न्यौपने<br>बाजेः महारथ न्यौपाने<br>नागरिकता नं.: ७५२९३/७६२९३ - सुनसरी<br>स्थायी ठेगानाः इटहरी-०४, सुनसरी<br>कार्यालय :सप्तकोशी जल उद्दोग, इटहरी-०४, सुनसरी | १२. नामः धनिराम भाट<br>बाबुः कुसिराम भाट<br>बाजेः लक्ष्य भाट<br>नागरिकता नं.: ६७२००३-३४२९ - कैलाली<br>स्थायी ठेगानाः लम्की-चुहा-०८, कैलाली<br>कार्यालय : न्यु कमल आर.के. ट्रेर्डस - लम्किचुहा-०२, कैलाली |

| | | | | |
|---|---|---|---|---|
| १३. नामः रेनु बनिया<br>बाबुः रामनारायण बनिया<br>बाजेः गंगा राम बनिया<br>नागरिकता नं.३७-०१-७६-०२०६१ -रुपन्देही<br>स्थायी ठेगानाः सिद्धार्थनगर-०७, रुपन्देही | १४. नामः प्रज्वल कट्टेल<br>बाबुः शिव प्रसाद कट्टेल<br>बाजेः भिम लाल कट्टेल<br>नागरिकता नं.: ०३-२-०१४/६१२३- इलाम<br>स्थायी ठेगानाः जितपुर-०४, इलाम<br>कार्यालय : सि.जी प्रिन्ट एण्ड प्याकेजिङ प्रा.ली - ललितपुर, नेपाल | १५. नामः रोशन पाण्डे<br>बाबुः लाल प्रसाद पाण्डे<br>बाजेः कुल चन्द्र पाण्डे<br>नागरिकता नं.:६११००१/१७२२- कालिकोट<br>स्थायी ठेगानाः फोइमहादेव-०६, कालिकोट | १६. नामः नरेन्द्र प्रताप शाह<br>बाबुः सुरेन्द्र प्रताप शाह<br>बाजेः दल बहादुर शाह<br>नागरिकता नं. ९६८७ - भक्तपुर<br>स्थायी ठेगानाः नगरकोट-०३, भक्तपुर<br>कार्यालय : शिखर हिमालयन सेक्युरीटी सर्भिस प्रा.लि - सल्लाघारी, भक्तपुर | १७. नामः उपेन्द्र कुमार मेहता<br>बाबुः धनेश्वर कोइरी (महता)<br>बाजेः मन्थी मेहता<br>नागरिकता नं.:०६१०३६/१३१९४१ - सुनसरी<br>स्थायी ठेगानाः भोकाहा-०५, सुनसरी<br>कार्यालय :छिटाहा मेडिकल सेन्टर - गोदावरी, ललितपुर |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

# पोर्चुगलमा 'विश्व ध्यान दिवस'



**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ७ पुस

'विश्व शान्ति र सद्भावका लागि ध्यान' भन्ने मूल नाराका साथ युरोपेली मुलुक पोर्चुगलमा पनि विश्व ध्यान दिवस मनाइएको छ।

लिस्बनस्थित रहेको नेपाली दूतावासले आइतबार ध्यान शिविरको आयोजना गरेर विश्व ध्यान दिवस मनाएको हो। दूतावासको सभाहलमा भएको ध्यान शिविरमा जीवन विज्ञानका प्रशिक्षकद्वय लभ्लीप्रसाद शर्मा र विजेन्द्र लामाले सहभागीहरूलाई ध्यानको प्रयोगात्मक अभ्यास गराउनुका साथै तनाव व्यवस्थापन, मानसिक स्वास्थ्य र ध्यानका विविध पक्षका बारेमा प्रशिक्षण दिएका थिए।

सो अवसरमा बोल्दै पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले शारीरिक र मानसिक स्वास्थ्यका दृष्टिले ध्यान अत्यन्तै उपयोगी रहेको बताए। उनले तनाव व्यवस्थापन, सकारात्मक उर्जा र सफल जीवनका लागि ध्यानले महत्त्वपूर्ण भूमिका खेल्ने बताए। ध्यान शिविरमा दूतावासका कर्मचारीलगायत नेपाली समुदायको सहभागिता रहेको थियो।

सरकारले नियोगलाई ध्यान शिविर सञ्चालन गर्न निर्देशन दिए बमोजिम ध्यान शिविरको आयोजना गरी विश्व ध्यान दिवस मनाइएको दूतावासका प्रथम सचिव रामबाबु नेपालले जानकारी दिए। ध्यानले शारीरिक, मानसिक तथा सामाजिक रूपमा लाभ पुग्ने भएकाले आगामी दिनमा क्रियाशील नेपाली संघसंस्थासँग समन्वय गरेर ध्यान शिविरलाई निरन्तरता दिने दूतावासको योजना रहेको उनले बताए।

गत वर्ष डिसेम्बर ७ तारिखमा संयुक्त राष्ट्रसंघको महासभाले योग र ध्यानलाई स्वास्थ्यका लागि पूरक उपायका रूपमा स्वीकार गर्दै डिसेम्बर २१ तारिखलाई आधिकारिक रूपमा विश्व ध्यान दिवसको मान्यता दिएको थियो। त्यसैअनुसार यस वर्ष पनि नेपालसहित विश्वभर ध्यान दिवस मनाइएको हो।

## पत्रिका बन्द गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०९/०८**

जिल्ला प्रशासन कार्यालय, ओखलढुंगामा २०७५/०८/१४ गते दर्ता नम्बर १० भएको "**समृद्ध नेपाल**" नामक साप्ताहिक पत्रिकाको दर्ता खारेज (बन्द) गर्ने प्रक्रिया अगाडि बढाइएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। यस पत्रिकासँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारहरूको पारिश्रमिक वा अन्य कुनै किसिमको आर्थिक दायित्व/लेनादेना भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थाको ठेगाना सिद्धिचरण नगरपालिका-११ ओखलढुंगा वा सम्पर्क नम्बर/इमेल ९८४२४८३०३५/nabaraj9842483035@gmail.com मा सप्रमाण सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ। साथै समयमै उजुरी प्राप्त नभएमा नियमानुसार दर्ता खारेजीको प्रक्रिया अगाडि बढाइने व्यहोरा सूचित गरिन्छ।

**– प्रकाशक**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०८२/०८/१६ मा दर्ता भएको श्री **दोहा टुर्स एण्ड ट्राभल्स प्रा. लि. (प्रा. लि. नं. ३७९८९१)** नामक कम्पनीको दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

## Barekot Rural Municipality
## Office of Rural Municipal Executive
**Limsa, Jajarkot**
**Karnali Province, Nepal**

**Invitation For Sealed Quotation**

**Date of publication: 23th Dec, 2025(2082/09/08)**

1. Barekot Rural Municipality invites electronic bids from all eligible bidders for the following projects under the Sealed Quotation (SQ) procedure of Single-Stage Single-Envelope as mentioned in the table below.

| Contract ID | Name of project | Estimated amount (including VAT and PS) | Bid Security fee/validity | Bid validity period | Bid document fee |
|---|---|---|---|---|---|
| BRM/GOODS/SQ/RE/082-083/1 | Procurement of Supply and delivery veterinarymedicine. | NPR. 12,53,065.20 | NPR. 31,500 | 45 days | NPR.1,000 |

| BRM/GOODS/SQ/RE/082-083/1 |
|---|
| Last Date and Time for Bid Submission: 7th Jan, 2026 (2082/09/23),12 pm |
| Pre-Bid Meeting Date, Time and Location: 31th Dec 2025 (2082/09/16), 12 pm, at office |
| Bid Opening Date, Time and Location: 7th Jan, 2026 (2082/09/23),2pm, at office |

| Account Details for Bid Document fee | Account Details For Bid Security Deposit |
|---|---|
| Bank: Agricultural Development Bank, Limsa, Jajarkot<br>Name of Office : Barekot Rural Municipality<br>Office Code no : 80666503300<br>Office Account Name: BAREKOT RURAL MUNICIPALITY GA 1.1<br>Office Account no: 0726401548097091<br>Rajaswo Sirsak no: 14229 | Bank: Agricultural Development Bank, Limsa, Jajarkot<br>Name of Office : Barekot Rural Municipality<br>Office Code no. : 80666503300<br>Office Account Name: BAREKOT RURAL MUNICIPALITY<br>Office Account no.: 0726401548097030 |

2. Eligible bidder may obtain further information from the office of Barekot Rural Municipality during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp.
3. Matters not covered above shall be as per the latest amendment of Public Procurement Act and its Regulation.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
८ पुस २०८२ मंगलबार
23 December 2025 Tuesday

## सम्पादकीय

# अर्थतन्त्र सुधार्न ध्यान देऊ

अन्तरिम सरकारका सय दिन पूरा हुँदा अर्थतन्त्रले अपेक्षित सुधारको संकेत दिन सकेको छैन । ठुलो मानवीय क्षति, विध्वंस र खर्बौंको आर्थिक नोक्सानीपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा बनेको अन्तरिम सरकारले सत्ता सम्हाल्दा धरासायी अर्थतन्त्र सम्हालिने आशा गरिएको थियो । तर सय दिनको 'हनिमुन पिरियड' बितिसक्दा न त अर्थतन्त्रले गति लियो, न त निजी क्षेत्रको मनोबल नै उकासिन सक्यो । राष्ट्रिय संकटका बेला बनेको सरकारले यो अवधिमा अर्थतन्त्रलाई राम्ररी सम्हाल्न सकेको देखिएन । आन्दोलनपछि उत्पन्न अस्थिरता, सुरक्षासम्बन्धी चिन्ता र निर्वाचनप्रति बढ्दो अन्योलले लगानीको वातावरण झनै अनिश्चित बनाएको छ । पुँजीगत खर्च र राजस्व संकलन अघिल्लो वर्षको तुलनामा घटेको छ भने बैंक तथा वित्तीय संस्थामा तरलता थुप्रिएको छ । लगानीप्रति आकर्षण घट्दा कर्जाको माग न्यून छ । लगानीकर्ताको आत्मविश्वास कमजोर हुँदा उत्पादनमूलक क्षेत्रमा कर्जा विस्तार हुन सकेको छैन । यसको प्रत्यक्ष असर बैंकिङ क्षेत्रमा परेको छ—ब्याजदर घटेका छन्, नाफा संकुचित भएको छ र समग्र क्षेत्र नै त्रासमा देखिन्छ ।

रेमिट्यान्स, विदेशी विनिमय सञ्चिति र शोधनान्तर स्थितिले बाहिरी रूपमा भने अर्थतन्त्र बलियो देखिन्छ । तर आन्तरिक आर्थिक गतिविधि सुस्त छ । व्यवसायीहरू लगानीयोग्य पुँजी हुँदाहुँदै पनि अनिश्चितताका कारण अघि बढ्न नसकेको अवस्था छ । सेयर बजार सुधारका केही प्रयास भएका पनि हुन् । तर लगानीकर्तामा विश्वास नजाग्दा पुँजीबजार सुस्त नै छ । यसअघि प्रतिबद्धता जनाएका विदेशी लगानीकर्ताको चासोसमेत कागजमै सीमित हुन पुगेको छ ।

एक सय दिनमा सरकारले केही सुधारका पहल गर्दै नगरेको भने होइन । कित्ताकाट खुल्दा घरजग्गा कारोबार केही चलायमान भएको छ । जेनजी आन्दोलनबाट प्रभावित व्यवसायका लागि राहत प्याकेज, कर छुट, पुनर्कर्जा र पुनर्तालिकीकरणजस्ता केही कार्यक्रम अघि बढाइएका छन् । भौतिक पूर्वाधारतर्फ रूग्ण आयोजना तोड्ने र नयाँ टेन्डर प्रक्रिया सुरू गर्ने प्रयास पनि भएका छन् । टुक्रे आयोजना कटौती र पदाधिकारीका सुविधा घटाएर राज्यकोषको भार कम गर्नेजस्ता कदम स्वागतयोग्य छन् । तर यी प्रयास अपेक्षित नतिजामा रूपान्तरण हुन सकेका छैनन् ।

यति हुँदाहुँदै पनि जेनजी आन्दोलनबाट भएको क्षतिबाट निजी क्षेत्रलाई उठाउने ठोस र व्यापक कार्यक्रमको अभावले अर्थतन्त्र चलायमान हुन सकेको देखिँदैन । संकटमोचनका लागि बनेको अन्तरिम सरकारको नै तीन महिनासम्म पर्याप्त आशा जगाउन नसक्नुले पनि हाम्रो अर्थतन्त्र कुन तहसम्म अप्ठेरोमा छ भन्ने बुझाउँछ । अब सरकारका लागि सबैभन्दा ठुलो चुनौती राज्यप्रति गुमेको विश्वास पुनर्स्थापना, सुरक्षा सुनिश्चितता र स्पष्ट राजनीतिक मार्गचित्रमार्फत अर्थतन्त्रलाई संक्रमणको मोडबाट बाहिर निकाल्नु हो । आशा जगाउने काम ढिलाइ भयो भने आगामी दिन अझै कठिन हुन सक्छ भन्ने अर्थविज्ञ अर्थमन्त्रीसहितको सरकारले बुझ्नुपर्छ ।

# खाद्य संकट, भोकमरी र विप्रेषण

*नेपालमा नेतृत्वलाई चुनावकै धन्दा छ । कसरी सत्तामा जाने र दोहन गर्ने मात्रै चिन्ता छ । यो देख्दा गरिब नेपालीका आँखाहरू भने रसाउँछन् ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

समग्रमा यसपालि धानको उत्पादन घट्ने निश्चित भएको छ । बेमौसमी अत्यधिक वर्षा र बाढी, पहिरो अनि मनसुनको अन्त्यमा पनि सोही समस्याले विगतको तुलनामा धान, चामलको कमी हुने र अझ भन्नु पर्दा यसको क्षेत्रफल नै घटेको छ अहिले । धान चामल मात्रै होइन दैनिक उपभोग्य अन्य वस्तुहरूको पनि आयात बढेको छ । जग्गा कित्ताकाट भइरहने, खण्डीकरण गर्दै घडेरीमा जाने र अव्यवस्थित सहरीकरणले बिगारेको सौन्दर्य पनि देशमा टीठ लाग्दो नै छ । घर जग्गाको कारोबारबाट देशले बढी राजस्व असुल्नु परेकाले पनि कृषि उब्जनीमा ह्रास आएकै हो । लामो समयदेखि भोकमरी समस्या समाधानका लागि भने देश विप्रेषण तिर उन्मुख छ ।

यहाँ विप्रेषणकै कारण भोकमरी सूचकमा सुधार आएको कुरा सार्वजनिक भइसकेको छ । संसारमा सबैभन्दा धेरै भोकमरीको समस्या पपुवान्यूगिनीमा देखिन्छ र संसारमा कम भोकमरी भने उत्तरी छिमेकी चीनमा रहेको छ । गत वर्षको अध्ययनमा पपुवान्यूगिनीको सूचकांक ३१ छ, चीनको सबैभन्दा कम ५ रहेको छ । नेपाल गम्भीर समस्याबाट मध्यम स्तरमा उक्लेको छ । वेल्ट हंगर हिल्फ र लिवर्डले सार्वजनिक गरेको विश्वको भोकमरी सूचक सन् २०२५ को प्रतिवेदनले नेपाल मध्यम भोकमरीको सूचकमा रहेको देखाएको छ ।

केही वर्षयता लोकतन्त्रको आगमनसँगै नेपालीहरू बेरोजगार भई विदेश होमिने र विप्रेषणबाट देशको अर्थतन्त्र चल्ने गरेको देखिएको छ । चालु आर्थिक वर्षको ४ महिनामा ७ खर्ब बढी रेमिटेन्स आएको छ, असोज एकै महिनामा २ खर्बको बाढी आएको हो भर्खरै । यस अर्थमा नाना, छाना र खानाका लागि नेपालीहरू विदेश त्यसमा पनि बढी खाडी, मलेसियाहरूमा जाने गरेको अवस्था छ र विप्रेषणकै कारण भोकमरी सूचक घटेको तथ्यांक पनि बाहिर आएको छ ।

समय नजिकिँदै छ । सन् २०३० सम्म भोकमरीको अन्त्य र दिगो विकासको लक्ष्य हो । विश्वमै संकट छ, युद्ध, जलवायुको संकट, प्राकृतिक विपत्तिहरू धेरै छन्, यस्ता विपत्तिमा हामी पनि बढी नै छौँ । अतीतका युद्धहरू, भूकम्प, कोरोनाहरू र हालैको जेनजी विद्रोहपछि सबैतिर असर परेको देखिन्छ र अनायासै देश चुनावतिर धकेलिनु पर्दा कृषि उपजतिर पनि यसले चोट पुऱ्याउने नै हुन्छ । बसाइ सराइको तीव्रता, अव्यवस्थित सहरीकरण, कमजोर खाद्य पोषण, सुरक्षाको चुनौती धेरै छन् । पाँच वर्ष मुनिका बालकहरूको पुड्कोपना गत वर्षको तथ्यांकमा २४.८ प्रतिशत हुँदा यो वर्ष २६ प्रतिशत छ, बाल मृत्युदर २.६ प्रतिशत छ, कुपोषणकै कारण ख्याउटेपना ७ प्रतिशतको छ, अल्प पोषण, कम क्यालोरीको खपत जनसंख्या ५.३ प्रतिशत रहेको एक अध्ययनले देखाएको छ ।

नेपालमा पुड्कोपनाको दर १.२ ले वृद्धि र ४ जना बच्चामा १ जना कुपोषणमा रहेको देखिएको छ । हालसम्म हाम्रो देश कृषि प्रधान नै हो । तर पनि विश्वव्यापी भोकमरी सूचकांक १०७ देशमध्ये नेपाल ७६औं स्थानमा थियो यसअघि । विश्वव्यापी भोकमरी सूचकांकले संयुक्त राष्ट्र संघका विभिन्न एजेन्सीद्वारा उपलब्ध तथ्यांकका आधारमा १३२ देशको तथ्यांक मूल्यांकन गर्दै सार्वजनिक गरेको सन् २०२० को प्रतिवेदन अनुसार सन् २००० मा यसको सूचकांक ३७:४ थियो भने सन् २०२० मा यो घटेर १९:५ मा परेको थियो । ५ वर्ष मुनिका कम उचाइका बालबालिका सन् २००० मा ५८ प्रतिशत थिए भने सन् २०२० मा यो घटेर ३७ प्रतिशतमा झरेको थियो ।

संयुक्त राष्ट्र संघले सन् २०१५ मै नेपालमा दिगो विकासको लक्ष्य प्राप्ति हुने र कुपोषण र भोकमरीको अन्त्य हुने बताएको हो, तर भएन, विगतको अध्ययन र विश्लेषणअनुसार दिगो विकासको लक्ष्यका लागि अब सन् २०३० तोकिएको छ र संसारमा यति बेलाभन्दा अघि भोकमरीको अन्त्य नहुने भएको छ, जोखिम बढ्दै आएकाले त्यो समयमा पनि यकिन देखिँदैन । सन् २००० को तुलनामा त अहिले विश्वव्यापी भोकमरी सूचकांकमा सुधार आएको हो, हालको सूचक १८२:२ छ । विश्वमा ५० भन्दा बढी देशको भोकमरी दर उच्च छ ।



संसारमा १४ करोड ४ लाख बालबालिका कुपोषणका कारण सामान्य भन्दा कम उचाइका छन् भने ४ करोड ७ लाख कुपोषणको सिकार भइसकेका छन् । सन् २०१८ मा ५३ लाख बालबालिका ५ वर्षको उमेर पार नगर्दै बिते ।

नेपालमा ५ वर्ष कम उमेरका बालबालिकाको मृत्यु दर सन् २००० मा ५८ प्रतिशत रहेको र सन् २०२० मा यो ५ प्रतिशतको हाराहारीमा रह्यो । कोरोनाका कारण संसारमा १ लाख ३० हजार बालबालिकाले ज्यान गुमाए भने नेपालमा विगतको द्वन्द्व, लामो गरिबी, असमानता, जलवायु परिवर्तन र विश्वव्यापी कोरोनाले भोकमरीको समस्या थपिँदै आएको थियो । अफ्रिकी देशमा सलहका कारण उत्पादनमा कमी आउँदा भोकमरी थपियो र संसारमा थप ७ लाख बालबालिकाहरू भोकमरीको सिकार बने, त्यस्तै न्यून र मध्यम आय भएका देशमा ६ करोड ७ लाख बालबालिकाहरू कुपोषणको सिकार हुने संयुक्त राष्ट्र संघको अनुमान रहेको थियो, त्यतिबेला नै ।

अतीतदेखि नै सरकारले माछा, मासु, अण्डामा आत्मनिर्भरताको घोषणा गरेको हो, तर यिनै बस्तु विदेशबाटै आएका छन् । हाम्रो समस्या भनेको खाद्य संकट नै हो, अरू पनि धेरै छन् देशमा समस्या । समस्याको विन्दुमा नेतृत्व पुग्न सकेन, ऊ त राजनीतिमा व्यस्त रह्यो, अहिले भागेको छ र तैपनि हुंकार गर्दै छ, देश बोक्नै सकेन नेतृत्वले, आफन्तलाई सुविधा थप गरिरह्यो र त अर्बौंको खाद्यान्न विदेशबाटै आएको छ । कृषिका केही औजार आए तर भूमि भने बस्तीमा परिणत भए, काम गर्ने विदेशतिर गए, चक्र उल्टो चलेको छ र त देशमा जन्मँदै १ लाखको ऋणमा बच्चा जन्मने

> *बजेटले कृषि क्रान्ति गर्ने कल्पना गर्छ तर रासायनिक मलको अभाव सधैं उस्तै छ । काम गर्ने हात खाडीमा हुँदा बुढाबुढी खेत बारीमा जान सक्दैनन्, ज्याला दर तीव्र छ, श्रम शक्तिको अभावबाट खाद्यान्नको मूल बालीको उत्पादनमा क्षेत्रफल नै घटेको छ । यस्तोमा मुलुक कता जाला, प्रश्न छ ।*

